☎ ६६३७८७२/६६३७८७३
Email: tscapplication1@gmail.com
Website: www.tsc.gov.np

**नेपाल सरकार**
**शिक्षक सेवा आयोग**
**सानोठिमी, भक्तपुर**

प.सं.: ०८०/८१
च.नं.: १४२

मितिः २०८०।०५।११

**श्री ७७ वटै शिक्षा विकास तथा समन्वय इकाइ**

**विषयः आवश्यक सहयोग र सहजीकरण सम्बन्धमा ।**

शिक्षक सेवा आयोगबाट मिति २०८० भाद्र ११ गते प्रकाशित माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको द्वितीय र प्रथम श्रेणीको कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा हुने शिक्षक पदको सूचना बमोजिम सम्पूर्ण इकाइहरुले आफ्नो जिल्लाभित्र कार्यरत २०७९ चैत्र मसान्तसम्म पाँच शैक्षिक सत्र पुरा गरेका शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन बढुवाको दरखास्त फाराम सूचनामा तोकिएबमोजिम र देहायको आधारमा मिति २०८०/०६/१५ गतेभित्र दर्ता गरी म्याद समाप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित प्रदेश स्थित शिक्षा विकास निर्देशनालयमा पठाई आवश्यक सहयोग र समन्वय गरी दिनु हुनका साथै शैक्षिक सत्र २०७९ को कासमु फाराम मूल्याङ्कन गरी निर्देशनालयमा पठाइदिनु हुन समेत अनुरोध गर्दछ ।

(केशव प्रसाद दहाल)
प्रशासकीय प्रमुख

१. कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा उम्मेदवारले दरखास्त फाराम साथ पेस गरेको छ/छैन रुजु गरी बुँदा नं. २ मा उल्लेखित कागजातहरुको विवरण सिलसिलेवार रुपमा राख्न लगाउने ।
२. कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा उम्मेदवारले दरखास्त फरामसाथ फाइलमा राख्नु पर्ने सिलसिलेवार कागजातहरुको विवरण देहाय बमोजिम रुजु गरी संलग्न गरेको देखिएमा ठिक (√ सङ्केत) र संलग्न नभए देखिएमा क्रस ( × सङ्केत) अनिवार्य गर्ने ।
   १. दरखास्त फाराम,
   २. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
   ३. दरखास्तमा उल्लेख भएबमोजिमको अनुभव/सेवा प्रमाणित पत्र,
   ४. अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
   ५. सरुवा भएको भए सरुवा पत्र र रमाना पत्रको प्रमाणित प्रतिलिपि,
   ६. स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
   ७. स्थायी भएपश्चात सरुवा भएको भए सरुवा पत्र र रमाना पत्रको प्रमाणित प्रतिलिपि,
   ८. बढुवा भएको भए बढुवा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,